# राप्ती सोनारी गाउँपालिका
## RAPTI SONARI RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
अगैया, बाँके
AGAIYA, BANKE

लुम्बिनी प्रदेश, नेपाल
LUMBINI PROVINCE, NEPAL

पत्र संख्या/**Ref. No.:-** ०८०/०८१
च.नं./**Letter No.:-** १८०२


मिति : २०८०।११।०८

श्री सामुदायिक विद्यालयहरु सबै,
राप्ती सोनारी गाउँपालिका, बाँके।

**विषय : प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको मिति २०८०।११।०१ गतेको सूचना वमोजिम आर्थिक वर्ष २०८१।०८२ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यसै पत्रसाथ संलग्न कार्यक्रममा सहभागी हुन इच्छुक सामुदायिक विद्यालयहरुले मितिः २०८०।११।२२ गते भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। साथै प्रस्ताव पेश गर्दा यसै पत्र साथ संलग्न गरिएको ढाँचामा पेश गर्नुहुन जानकारी गराईन्छ।

२०८०।११।०८
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री वडा अध्यक्ष ज्यूहरु ( वडा नं. १-९ ) सम्वन्धित विद्यालयहरुमा आवश्यक समन्वय गरिदिनुहुन।
श्री सूचना प्रविधि शाखा :- राप्ती सोनारी गाउँपालिकाको Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८०/०८१ अङ्क-८ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७५ (पूर्णाङ्क २८१)

## आगामी आ व २०८१।०८२ का लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ३ मा व्यवस्था भए बमोजिमको निर्देशक समितिको मिति २०८०।०९।२९ को बैठकको निर्णयअनुसार आगामी आर्थिक वर्षदेखि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको विनियोजन हुने रकम उल्लेख गरी सम्बन्धित स्थानीय तहमार्फत अनुदान हस्तान्तरण गर्ने गरी बजेट व्यवस्था गर्नका लागि आवश्यक पर्ने विद्यालयका कार्यक्रम तयारी गर्ने सम्बन्धमा प्रस्ताव पेस गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्ताव माग गरिएका क्षेत्रहरू :**

१. **विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम** (**४ कोठे विद्यालय भवन**),
२. **सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी,**
३. **प्राविधिक धारका कार्यक्रम सञ्चालन।**

**विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम** (**४ कोठे विद्यालय भवन**) **माग गर्ने आधारहरू:**

१. विद्यार्थी सङ्ख्याका आधारमा भवन र कक्षाकोठा नपुग भएको।
२. विद्यालयको भवन निर्माणका लागि विद्यालयको आफ्नै स्वामित्व र विद्यालय भवन हाताभित्र शौचालयसमेत निर्माण गर्न पर्याप्त जग्गा भएको।
३. सङ्घ, प्रदेश तथा स्थानीय तह र कुनै दातृ संस्थाबाट भवन निर्माणका लागि कार्यक्रम नपरेको वा दोहोरो हुने अवस्था नभएको।
४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत गतवर्षसम्म ४ कोठे विद्यालय भवन निर्माण कार्यक्रम प्राप्त नभएको तथा विगत वर्षहरूमा परेका भौतिक निर्माणका कार्य सम्पन्न भई सकेको र विद्यालयको भौतिक निर्माणमा बेरूजु नरहेको।
५. नमुना विद्यालय विकास कार्यक्रममा छनौट भएको विद्यालय हुनु नहुने।
६. लागत साझेदारीमा निर्माण कार्य गर्न सक्षम भए सो को प्रतिवद्धता।
७. स्थानीय तहबाट सिफारिस भएको हुनु पर्ने।

**सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी :**

१. सूचना प्रविधि ल्याब तथा हालसम्म डिजिटल लाइब्रेरी व्यवस्था नभएका माध्यमिक विद्यालय हुनु पर्ने।
२. उच्च विद्यार्थी सङ्ख्या भएका आधारभूत तह कक्षा ८ सम्म सञ्चालनमा रहेका विद्यालयसमेत समावेश हुन सक्ने।
३. सूचना प्रविधि ल्याब व्यवस्थापन तथा डिजिटल लाइब्रेरी व्यवस्थाका लागि आवश्यक कोठा र इन्टरनेट सहितको विद्युतीय प्रबन्ध भएको हुनु पर्ने।
४. कम्प्युटर विषय अध्यापन हुने विद्यालय भए सो को व्यहोरा खुल्ने प्रमाण समावेश गर्नुपर्ने।
५. गत विगत वर्षहरूमा सूचना प्रविधि ल्याब व्यवस्थापनका लागि अनुदान प्राप्त नभएका विद्यालय हुनुपर्ने।

**प्राविधिक धारका कार्यक्रम सञ्चालन :**

१. हालसम्म प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालनका लागि विद्यालय छनौट नभएका स्थानीय तह मध्येबाट विद्यार्थी सङ्ख्या उच्च भई प्राविधिक धार सञ्चालन हुन सक्ने अवस्थामा रहेका इच्छुक माध्यमिक विद्यालयहरूले सञ्चालन गर्न चाहेको प्राविधिक धारको विषयसमेत स्पष्ट हुने गरी प्रत्येक स्थानीय तहबाट १ वटा मात्र पर्ने गरी प्रस्ताव पेस गर्नुपर्ने।

**कार्यक्रम माग गर्ने प्रक्रिया :**

१. उल्लिखित कार्यक्रमहरूमा तोकिएका आधारभित्र पर्ने विद्यालयहरूले कार्यक्रम माग गर्दा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई निर्णय प्रतिलिपि समेतका कागजातहरू सहित तयार गरेको फाइल मिति २०८०।११।२२ गतेभित्र स्थानीय तहमा पेस गर्ने।
२. स्थानीय तहमा पेस भएका प्रस्तावहरू सम्बन्धित स्थानीय तहले ४ कोठे भवनका लागि बढीमा ३ वटा विद्यालयमात्र, सूचना प्रविधि ल्याब तथा विद्यालयमा डिजिटल लाइब्रेरी व्यवस्थापनका लागि बढीमा ३ वटा विद्यालयलाई प्राथमिकीकरण गरी Font Kalimati मा Font Size ११ मा देहायको ढाँचामा तयार गरेको Excel Sheet सहितको Electronic Copy र Hard Copy फाइल मिति २०८० साल फाल्गुण मसान्तभित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | IEMIS CODE | विद्यार्थी सङ्ख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजात | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

३. स्थानीय तहबाट प्राप्त भएका सिफारिसलाई स्थानीय तहले प्राथमिकीकरण गरेको विद्यालयको क्रम नबिग्रने र एउटा स्थानीय तहका विद्यालयहरू एकै ठाउँमा रहने गरी तपसिलको ढाँचामा शिक्षा विकास तथा समन्वय एकाइले Font Kalimati र Font Size ११ हुने गरी देहायको ढाँचामा Excel Sheet तयार गरी Editable Excel Sheet र PDF Copy दुबै कागजात मिति २०८०।१२।१० गतेभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको इमेल ठेगाना perp2077@gmail.com मा पठाइसक्नु पर्नेछ।

| जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | IEMIS CODE | विद्यार्थी सङ्ख्या | प्रस्तावित कार्यक्रम | संलग्न कागजात | स्थानीय तहको सिफारिस प्राथमिकता क्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

४. शिक्षा विकास तथा समन्वय एकाइले प्रमाणित Excel Sheet र प्राप्त प्रस्तावहरूलाई विद्यालयगत छुट्टा छुट्टै फाइलमा राखी स्थानीय तह अलग अलग रहने गरी जिल्ला भरिको सबै सक्कल प्रस्ताव मिति २०८०।१२।२० गतेभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरमा आइपुग्ने गरी पठाउनु पर्नेछ।

**पेस गर्नुपर्ने कागजात :**

१. विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम माग गरेका कागजात।
२. विद्यालयको प्राथमिकता क्रम र कार्यक्रमको दोहोरोपन नपर्ने सुनिश्चितता सहितको स्थानीय तहको सिफारिस पत्र।
३. स्थानीय तहको प्राथमिकीकरण सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले तयार गरेको स्थानीय तहगत जिल्लाको समष्टिगत प्रमाणित विवरण।
४. प्राविधिक धार सञ्चालनमा नरहेका स्थानीय तहले प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट कुन प्राविधिक धारको कार्यक्रम माग भई आएको हो सो स्पष्ट खुल्ने गरी उक्त विद्यालयलाई सञ्चालन अनुमति सम्बन्धी प्रक्रिया पूरा गरेका कागजात संलग्न गर्नुपर्नेछ।
५. विद्यालयले तयार गरी स्थानीय तहमा पेस गरेको रुजु सूचीको सक्कल प्रति।

**पुनश्च:**

१. म्याद नाघी प्राप्त भएका र रीत नपुगेका प्रस्ताव उपर कुनै कारबाही गरिनेछैन।
२. शिक्षा विकास तथा समन्वय एकाइबाट माथि उल्लेख भए बमोजिम प्रमाणीकरण गरी पठाउनु पर्नेछ।
३. सिफारिसका लागि दिएको फर्मेटभन्दा फरक फर्मेट र फरक फन्ट प्रयोग नगरी दिनुहुन अनुरोध छ।

**विद्यालयले पेस गर्ने प्रस्तावनाको ढाँचा:**

**श्री** ..................................**शाखा / महाशाखा**
.......................**को कार्यालय** ..................

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मिति २०८०।११।०१ मा प्रकाशित सूचना अनुसार राष्ट्रपति शैक्षिक सुधारको कार्यक्रमका लागि मेरो विद्यालयको अवस्था तपसिलमा उल्लिखित विवरण अनुसार भएकोले आवश्यक जाँचबुझ गरी देहायका कार्यक्रमका लागि सिफारिस गरिदिनुहुन यो विवरण पेस गरेको छु।

**विद्यालयको नाम :** **माग गरेको कार्यक्रम :**
**जिल्ला :** **स्थानीय तह:**
**सञ्चालित कक्षा :** **कुल विद्यार्थी सङ्या:**
**IEMIS Code:**

**विवरण:**

| ४ कोठे भवन | | | | सूचना प्रविधि ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरी | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | अवस्था | | क्र.सं. | विवरण | अवस्था | |
| १ | विद्यालय व्यवस्थापन समितिको निर्णय | छ | छैन | १ | विद्यालय व्यवस्थापन समितिको निर्णय | छ | छैन |
| २ | शौचालय सहितको ४ कोठे भवन बनाउन जग्गाको उपलब्धता | | | २ | विद्यालयमा ल्याब व्यवस्थापन र डिजिटल लाइब्रेरीको लागि थप कोठाको व्यवस्था | | |
| ३ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सुरु भएको आ.व. देखि हालसम्म ४ कोठे भवन परेको | | | ३ | विद्यालयमा बिजुलीको व्यवस्था र इन्टरनेटको सुविधा | | |
| ४ | यसअघि भौतिक निर्माण सम्बन्धी कार्यक्रमको बेरुजु | | | ४ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट कार्यक्रम परेको | | |
| ५ | यसअघि परेको कार्यक्रमको कार्य सम्पन्नता | | | ५ | स्पेसिफिकेसन बमोजिम सामग्री खरिद र प्रयोग गरेको | | |
| ६ | विद्यालयले लागत साझेदारीमा थप रकम व्यहोर्न सक्ने अवस्था | | | ६ | आफैले Software को व्यवस्था गरी Learning Portal प्रयोग गर्न सक्ने अवस्था | | |
| ७ | विद्यालयले थप गर्नुपर्ने रकम नपुग भएको अवस्थामा स्थानीय तहले थप गर्न सक्ने अवस्था | | | ७ | समय समयमा मर्मत तथा आवश्यक सामग्री आफै व्यवस्था गर्न सक्ने अवस्था | | |
| ८ | ३ वर्षदेखि सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयवाट ४ कोठे वा सो भन्दा ठूला निर्माण कार्य भएको अवस्था | | | ८ | विभिन्न सङ्घ/सस्थाबाट सूचना प्रविधि सम्बन्धी उपकरण उपलब्ध गराएको अवस्था | | |
| ९ | विगत ३ वर्षदेखि यता विदेशी दातृ निकाय तथा सङ्घ/सस्थाबाट ४ कोठे र सोभन्दा ठूला निर्माण कार्य भएको अवस्था | | | ९ | सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयबाट सूचना प्रविधि तथा डिजिटल लाइब्रेरी सम्बन्धी कार्यक्रम परेको अवस्था | | |
| १० | कम्तीमा १० वर्षसम्म विद्यार्थी टिकाउको अवस्था | | | १० | कक्षामा सिकाइ प्रयोजनका लागि निरन्तर प्रयोगको सम्भावना अवस्था | | |
| ११ | जिल्ला आयोजना कार्यान्वयन एकाइ शिक्षाबाट पुनःनिर्माण भएको कम्तीमा एउटा ४ कोठे भवन | | | ११ | सूचना प्रविधि सम्बन्धी तालिम प्राप्त जनशक्तिको व्यवस्था | | |

**प्र .अ. को नाम:**

**दस्तखत :**

स्थानीय तहको शिक्षा प्रमुख/प्रमुख प्रशासकीय अधिकृतको रायसहितको प्राथमिकता क्रम

**पुनश्च** : स्थानीय तहको शिक्षा शाखाबाट माथिको सूचीको आधारमा मूल्याङ्कन गरी पठाइदिनुहुन ।

## प्राविधिक धार सञ्चालन गरेका विद्यालयहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अत्यन्त जरुरी सूचना

प्राविधिक धार सञ्चालन गरेका सामुदायिक माध्यमिक विद्यालयले तपसिल बमोजिमको विवरण भरी २०८०/११/२५ गतेभित्र अनिवार्य रूपमा यस केन्द्रको शैक्षिक प्रविधि शाखाको इमेल ठेगाना cehrd.ets@gmail.com मा पठाउनुहुन अनुरोध छ। उक्त विवरण प्राप्त नभई विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयले प्राप्त गर्ने रकम छुट हुन गएमा विद्यालय नै जबाफदेही हुनुपर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**जिल्ला** **स्थानीय तह**

| IEMIS कोड नं. | विद्यालयको नाम | प्रअको नाम | सम्पर्क नं. | इमेल ठेगाना | कक्षागत विद्यार्थी सङ्ख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ९ | | १० | | ११ | | १२ | | जम्मा छात्र | जम्मा छात्रा | कुल जम्मा |
| | | | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | | | |
| | | | | | | | | | | | | | | | |

**प्र अ को दस्तखत** **विद्यालयको छाप**
**मिति :**

गण्डकी प्रदेश सरकार
**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**
## शिक्षा विकास निर्देशनालय
**गण्डकी प्रदेश, पोखरा**

## स्पष्टीकरण सहित हाजिर हुन आउने सूचना !!!

तपसिल बमोजिमका शिक्षा विकास तथा समन्वय एकाइहरूको च.नं. तथा मितिका पत्रानुसार तपसिलका शिक्षकहरू लामो समयदेखि हालसम्म आ–आफ्नो विद्यालयमा विना सूचना अनुपस्थित हुनु भएकोले आवश्यक कारबाहीका लागि शिक्षा विकास तथा समन्वय एकाइबाट सिफारिस भई आएको हुँदा तपाई के–कति कारणले विद्यालयमा लामो समय विना सूचना अनुपस्थित हुनु भएको हो ? यस सूचना प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ७ (सात) दिनभित्र चित्त बुझ्दो कारण सहित लिखित स्पष्टिकरण सहित यस निर्देशनालयमा उपस्थित हुनुहुन अनुरोध गरिन्छ। अन्यथा शिक्षा ऐन २०२८ को १६(ङ) उपदफा ५ को खण्ड (ग) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को दफा १३८ बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ।

| क्र.सं. | जिल्ला | च.नं. तथा मिति | शिक्षकको नाम तह श्रेणी | विद्यालयको नाम | अनुपस्थित भएको मिति |
|---|---|---|---|---|---|
| १ | कास्की | ११६४/०८०/२/४ | मञ्जु जोशी (१४५४१६) प्रा.तृ. श्रेणी | जनजागृती आ.वि. पोखरा ३३ कास्की | २०७८।११।२२ |
| २ | म्याग्दी | २७८/०८०/८/२२ | तारादेवी गर्बुजा (१६५०८०) नि.मा.तृ. | महादेवी मा.वि.रघुगंगा–१ बेग म्याग्दी | २०८०।४।१४ |
| ३ | गोरखा | ८७८/०८०/१०/०५ | सुजन गुरुङ (१९७९६५) प्रा.तृ. | गंगा जमुना आ.वि. धार्चे ७ गोरखा | २०८०।०३।१२ |